मिति: २०८१।०३।०३
**समय: बिहान ९:०० बजे**

**बैठक नं. ११/२०८०/०८१**

आज मिति २०८१ असार ३ गते सोमबारका दिन महाकुलुङ गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री सुर्य बहादुर कुलुङज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा बैठक बसी तपशिल अनुसारका प्रस्ताव उपर छलफल गरि निर्णय गरियो ।

**उपस्थिति**

| क्र.सं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुर्य बहादुर कुलुङ | अध्यक्ष | |
| २ | श्री बिपना कुलुङ | उपाध्यक्ष | |
| ३ | श्री पर्खिधन राई | वडा अध्यक्ष (वडा नं. १) | |
| ४ | श्री प्रदिप राई | वडा अध्यक्ष (वडा नं. २) | |
| ५ | श्री दुर्गा बहादुर राई | वडा अध्यक्ष (वडा नं. ३) | |
| ६ | श्री सरस्वती राई | वडा अध्यक्ष (वडा नं. ४) | |
| ७ | श्री महलसिं राई | वडा अध्यक्ष (वडा नं. ५) | |
| ८ | श्री सिद्धिमनि राई | कार्यपालिका सदस्य | |
| ९ | श्री सिता माया वि.क. | कार्यपालिका सदस्य | सिता वि क |
| १० | श्री चस्मिता वि.क. | कार्यपालिका सदस्य | चस्मीता |
| ११ | श्री निर कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | श्री शारदा कुलुङ | कार्यपालिका सदस्य | |
| १३ | श्री दौलित कुलुङ | कार्यपालिका सदस्य | |
| १४ | श्री नविन कुमार गोले | सचिव | |

**आमन्त्रित**

| क्र.सं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री खरिधन राई | प्रशासकीय अधिकृत | |
| २. | श्री नारायण काजी बस्नेत | लेखा अधिकृत | |
| ३. | श्री झमक ब. कटुवाल | शिक्षा अधिकृत | |
| ४. | श्री हरि आचार्य | जनस्वास्थ्य निरिक्षक | |
| ४. | श्री ओस्ना कुलुङ | कृषि अधिकृत | |
| ५. | श्री सरिता दर्लामी | प्रा.स. (पशु सेवा शाखा) | |
| ६. | श्री कल्पना अधिकारी | कम्प्युटर अपरेटर | |
| ७. | श्री प्रमिना कुलुङ | कार्यालय सहयोगी | |
| ८. | श्री बाबुराम किरात | कार्यालय सहयोगी | |

(९) जीवन राई

**प्रस्ताव तथा निर्णयहरु**

| क्र.सं. | प्रस्ताव | निर्णय |
|---|---|---|
| १. | राजश्व परामर्श समितिको प्रतिवेदन सम्बन्धमा । | राजश्व परामर्श समितिको प्रतिवेदन स्वीकृत गर्ने । |
| २. | आ.व. २०८१।०८२ को बजेट सम्बन्धमा । | आ.व. २०८१।०८२ को नीति तथा कार्यक्रम र बजेट मिति २०८१ असार १० गते गाउँसभाको अधिवेशनमा प्रस्तुत गर्ने । |

मिति: २०८१।०३।०३
समय: बिहान ९:०० बजे

बैठक नं. ११/२०८०/०८१

| | | |
|---|---|---|
| ३. | वडा नं. २ को समाधी स्थल सम्बन्धमा । | यस गाउँपालिकाको वडा नं. २ फुलवाती खोला छेउमा निर्माण भएको समाधि स्थल बाटो र बस्ती छेउमा भएको भनि गुनासो तथा निवेदन समेत प्राप्त भएको अवस्थामा उक्त समाधि स्थल क्षेत्रमा थप आवश्यक पूर्वधार निर्माण गरेर व्यवस्थित नहुन्जेलसम्म सरोकारवाला तथा स्थानीयसँग छलफल गरी प्रयोग गर्न अनुमती दिने गरि तत्काललाई प्रयोग गर्न अनुमती नदिने । साथै उक्त समाधि स्थलको प्रविधिक प्रतिवेदन बमोजिमको रकम भुक्तानी गर्न कार्यालयलाई निर्देशन दिने । |
| ४. | प्रथम आवधिक योजना सम्बन्धमा । | जि-फाउन्डेसनको आर्थिक सहयोग र सिटिजन डेभलपमेन्ट सोलुसनको प्राविधिक सहयोगमा निर्माण भएको प्रथम आवधिक योजना आ.व. २०८१/८२-२०८५/८६ स्वीकृत गर्ने । |
| ५. | बजेट संशोधन सम्बन्धमा । | आगमी गाउँसभाबाट अनुमोदन पश्चात कार्यान्वयन हुने गरि देहाय अनुसारको बजेट संशोधन गर्न गाउँसभामा पेश गर्ने । |

| क्र.सं. | शिर्षकबाट | रकम | शिर्षकमा |
|---|---|---|---|
| १. | कानुनी सल्लाहकार पारिश्रमिक | २,००,०००/ | भुवाखोला ह्युम पाईप ईन्सटलेसन |
| २. | कानुनी सल्लाहकार पारिश्रमिक | ४०,०००/ | पसाङ ल्हामु महिला भलिबल प्रतियोगिता व्यवस्थापन खर्च भुक्तानी |
| ३. | खेउ खोला झरणा डिपिआर | ९०,०००/ | वायोमेट्रिक मेसिन खरिद |
| ४. | सुरक्षित पिउने पानी स्वास्थ्य जीवनमा हाम्रो लगानी पालिका भरिका मुहानको ल्याब टेष्टका लागि र अन्तरक्रिया कार्यक्रम संचालन | १५००००/ | स्वास्थ्य औजार उपकरण खरिद (Heematolizar machine) |

| | | |
|---|---|---|
| ६. | राहत वितरण सम्बन्धमा । | महाकुलुङ वडा नं. २ निवासी श्री प्रतिराम राईको घर आगलागी भई पूर्ण रुपमा जलेकाले राहत स्वरुप खाद्यान्न सामग्री वापतकोरु.५,७२५/ र प्रकोप व्यवस्थन कोषबाट रु.२०,०००/ नगद सहयोग प्रदान गर्ने । |
| ७. | प्रदेश स्तरीय राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगिताको रकम व्यवस्थापन सम्बन्धमा । | जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितामा प्रदेश स्तरीय राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगिता खेल खेल्न छनौट भएका विभिन्न विधाका ८ खेलाडीहरु छनौट भएको उक्त खेलाडीहरुलाई प्रदेश स्तरीय राष्ट्रपति रनिङशिल्डमा सहभागी गराउन जिल्ला खेलकुद विकास समितिले खेलाडीको यातायात खर्च, प्रदेशमा लगाउने ड्रेस (ट्रयाकसुट) र बाटो खाना/खाजा सम्बन्धित पालिकाले व्यहोर्नुपर्ने भनी पत्र प्राप्त भएकाले प्रदेश |



नविन कुमार गोले
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | स्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितामा सहभागी ५ जना खेलाडीहरुको यातायात खर्च (आतेजाते), ड्रेस र बाटो खाना/खाजाको जम्मा रकम रु. ६४,३७०।- (अक्षरेपी चौसठ्ठी हजार तीन सय सत्तरी मात्र) शिक्षा शाखाको चालु आव २०८१/०८१ को वार्षिक स्वीकृत कार्यक्रम **कक्षा ८ परीक्षा सञ्चालन तथा व्यवस्थापन** शीर्षकमा खर्च गरी बाकी रहेको रकमबाट भुक्तानी गर्ने । |
| ८. | उत्कृष्ट विद्यालय अनुदान सम्बन्धमा । | संघीय सरकारबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण भई आएको कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा महाकुलुङ गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरु मध्ये उत्कृष्ट कार्य सम्पादन गर्ने विद्यालयहरु मध्ये सामाजिक परीक्षण मापदण्ड, २०७८ मा भएको व्यवस्था बमोजिम सबै भन्दा बढी अंक प्राप्त गर्ने मावि तर्फ श्री छेस्काम माविलाई रु. ३ लाख र आवि तर्फ सबै भन्दा बढी अंक प्राप्त गर्ने श्री बासुकी आविलाई २ लाख रकम कार्यक्रम कार्यन्वयन पुस्तिका आव २०८०/०८१ मा भएको व्यवस्था बमोजिम विद्यालयको प्रस्तावनामा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान उपलब्ध गराउने । |

प्रमुख प्रशासकीय अधिकृत